अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः २ | संख्याः १ | मितिः २०७५/०५/१३ |
|---|---|---|

## भाग-२

# थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

<u>थासाङ गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०७५/०५/१३</u>

थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको विपद व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले यो "थासाङ गाउँपालिकाको विपद व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "थासाङ गाउँपालिकाको विपद व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले थासाङ गाउँपालिका, गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले थासाङ गाउँपालिका सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले थासाङ गाउँ कार्यपालिका अन्तर्गतको विपद व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) सचिवालय भन्नाले थासाङ गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

**३. विपद व्यवस्थापन कार्यविधिका उद्धेश्यहरु :**

१. सवै प्रकारका प्रकोप तथा विपदको कारण सृजना हुन सक्ने परिस्थितीलाई व्यवस्थापन गर्ने,

२. विपदको समयमा गरिने राहत तथा उद्धार लगायतका सेवा प्रवाहमा प्रभावकारीता ल्याउने,

३. विपदको समयमा पिडीत समक्ष गाउँपालिकाको उपस्थिति सुनिश्चित गर्ने,

४. विपदको समयमा सरोकारवालहरुसँगको समन्वय प्रभावकारी बनाउन सहयोग पुर्याउने,

५. विपदको जोखिम न्यूनिकरणको लागी सचेतना अभिवृद्धि, आवश्यक समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाउने,

६. विपदको समयमा प्रदान गरिने राहत तथा उद्धार कार्यमा एकरुपता कायम गर्न सघाउ पुर्याउने ।

**४. सम्भावित विपदको विषयहरुको पहिचान :**

(क) कालीगण्डकी नदीमा आउने बाढी पहिरोबाट कालीगण्डकी किनारमा रहेका घरवस्तीहरु जोखिम रहेको,

(ख) विश्वमा तापक्रमको वृद्धिले पहिला भन्दा हालका दिनहरुमा पानी पर्ने क्रममा बृद्धि हुदै जाँदा वाढी पहिरोले यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण गाउँ वस्तीहरुमा जोखिममा रहेका,

(ग) आकस्मिक विद्युत प्रवाह बढी हुदा, भुकम्प जादाँ, बजारमा अव्यवस्थित पेट्रोल, डिजेलका व्यारेलहरुबाट, ग्यास सिलिण्डर पट्किदा र घरवस्तीमा सामान्य विद्युत सट भई आगलागिबाट हुने जोखिम,

(घ) महामारीबाट सरुवा रोग आदिबाट हुने जोखिम,

(ङ) सडक तथा हवाई दुर्घटनाबाट हुने जोखिम,

(च) असिनापानी, अतिवृष्टि, अनावृष्टि, अन्नवाली, फलफूल तथा तरकारीमा रोग किराको महामाहीबाट हुने जोखिम,

(छ) पशुपंक्षीबाट हुने वा पशुपंक्षीमा हुने महामारी,

(ज) हिमपात, हिमपहिरो, हिमताल विष्फोटन, हावाहुरी र चट्याङ्गबाट हुने जोखिम,

(झ) जंगली जनावरबाट पुग्न सक्ने क्षतिको जोखिम,

(ञ) मानव सिर्जित अन्य विभिन्न किसिमको घटनाबाट हुन सक्ने क्षति (साँस्कृतिक, धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक आदि),

(ट) जंगलमा हुने आगलागि इत्यादि ।

**५. विपद व्यवस्थापन समितिको गठन :**

सम्भावित विपदलाई पहिचान, न्युनिकरण तथा व्यवस्थापन गर्न यस थासाङ गाउँपालिकामा विपद व्यवस्थापन समिति देहाय बमोजिम रहनेछ :

१. संयोजक गा.पा. अध्यक्ष

२. सदस्य गा.पा. उपाध्यक्ष

३. प्रमुख प्रशासकीय अधिकृत

४.कार्यपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समितिका अध्यक्ष

५. सुरक्षा निकायका प्रतिनिधिहरु

६. स्वास्थ्य शाखाका प्रमुख

७. सम्वन्धित वडाका वडा अध्यक्ष

उक्त कार्यकारी समितिको बैठक वर्षमा कम्तीमा ३ पटक वस्नेछ तर आकस्मिक अवस्थामा भने जुनसुकै समयमा पनि वस्नुपर्नेछ ।

गाउँकार्यपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सदस्य सचिवले विपद व्यवस्थापन समितिको सदस्य सचिव भई कामकाज गर्ने छ ।

**६. विपद व्यवस्थापन कोष :**

यस थासाङ गाउँपालिकामा एक विपद व्यवस्थापन कोष रहनेछ । उक्त कोषमा प्रत्येक वर्ष कोष पूर्ति गरिदै लगिनेछ । कोषमा तपशिल अनुसारको संकलित रकम कोष परिचालन कार्यविधि बमोजिम सञ्चालनमा ल्याइनेछ ।

१. संघीय सरकारबाट प्राप्त रकम

२. प्रादेशिक सरकारबाट प्राप्त रकम

३. गाउँसभाबाट विनियोजित रकम

४. सरकारी गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम

५. अन्य श्रोतबाट प्राप्त रकम

**७. कोषको प्रयोग :**

१. कोषका जम्मा भएको रकम देहायको कार्यको लागी खर्च गरिनेछ :-

क) प्राकृतिक प्रकोप, विपदबाट असर परेको वा पर्नसक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

ख) तत्कालिन राहत तथा अस्थायी बसोवासको प्रवन्ध मिलाउने,

ग) विपद पश्चात तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्ने,

घ) विपदबाट घाइते तथा विरामीको औषधी उपचार गर्ने,

ङ) विपदबाट देहावसान तथा काजक्रियाको लागी मृतकका आफन्तका आर्थिक सहायता गर्ने,

च) बाढी, पहिरो तथा भू-क्षयको तत्कालिन नियन्त्रण गर्ने,

छ) विपद व्यवस्थापनको सचेतनामूलक कार्यक्रम गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।

**८. कोषको रकम प्रयोग गर्न नहुने :**

१. नियम (८) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन ।

ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलव भत्ता वा सुविधा उपलव्ध गराउन ।

ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।

घ) विपदसँग सम्वन्धित विषयमा वाहेक कसैलाई आर्थिक सहायता उपलव्ध गराउन ।

**९. कोषको व्यवस्थापन तथा संचालन :**

१. कोषको रकम भिन्दै खातामा जम्मा गरिनेछ ।

२. प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट उपनियम (१) बमोजिमको खाता संचालन गरिनेछ ।

**१०. आर्थिक सहायता :**

क) विपद तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु ३०,०००। (अक्षरुपी तीस हजार) का दरले आर्थिक सहायता वडा समितिको सिफारिसमा उपलव्ध गराइनेछ ।

ख) विपदबाट घर, बहालको आवास पूर्ण नष्ट भएको वा खाद्यान्न समेत नभएका वा दुवै अवस्थामा पिडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागी रु २५,०००। (अक्षरुपी पच्चिस हजार) सम्म प्रति परिवार राहत सहयोग उपलव्ध गराइनेछ ।

ग) विपदबाट घर, बहालको आवास आशिंक नष्ट भएको वा खाद्यान्न समेत नभएका वा दुवै अवस्थामा पिडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागी रु १५,०००। (अक्षरुपी पन्ध्र हजार) सम्म प्रति परिवार राहत सहयोग उपलव्ध गराइनेछ ।

घ) विपदको घटनाबाट बालीनाली तथा चौपाया क्षति हुन गएमा क्षतिको प्राविधिक मूल्याङ्कन तथा वडा समितिको सिफारिशका आधारमा प्रति परिवार रु १५,०००। (अक्षरुपी पन्ध्र हजार) सम्म राहत सहयोग उपलव्ध गराइनेछ ।

ङ) विपदको घटनाबाट प्रभावित गम्भीर घाइतेलाइ उपचार गर्नुपर्ने अवस्थामा राहत स्वरुप प्रति व्यक्ति रु १०,०००। (अक्षरुपी दश हजार) का दरले आर्थिक सहायता वडा समितिको सिफारिसमा उपलव्ध गराइनेछ ।

**११. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना :**

क) प्रकोपका जोखिममा रहेका क्षेत्रको पहिचान गरी प्रकोप नियन्त्रणको योजना वनाइ गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको निर्णय अनुसार वा समितिको अध्यक्षबाट लागत अनुमान तयार गर्न लगाई खर्च गरिनेछ ।

ख) खोज तथा उद्धारका लागी दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्वन्धि अतिआवश्यक औजारको प्रवन्ध मिलाइनेछ ।

ग) सामाजिक एंव गैरसरकारी संघ संस्थाको सहयोग लिई विपद व्यवस्थापन सम्वन्धि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

घ) विपदबाट आवागमन अवरुद्ध भएको भए वा घर तथा संरचना अति जोखिममा परेको भए वा विपदको अति जोखिममा रहेको क्षेत्रलाई जोखिम मुक्त बनाउन वढिमा ५ घण्टा जेसिवि वा स्क्याभेटर प्रयोग गर्नुपर्ने भएमा वडा कार्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षको आदेश पश्चात खर्च गरिनेछ  र सो भन्दा वढी समय लाग्ने भएमा गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गरिनेछ ।

ङ) प्रकोपका घटनामा परि घाइते हुनेहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रवन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुऱ्याउने प्रवन्ध मिलाइनेछ ।

च) प्रकोपबाट पिडितका लागी आश्रय स्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामग्री काठ, बालुवा, गिट्टी( स्थानीय स्तरमा हुने) उपलव्ध गराइनेछ  ।

छ) भुकम्प, वाढी, पहिरो, आगलागी, असिनापानी, हुरिवतास, चट्याङ्गका साथै अन्य प्राकृतिक प्रकोपबाट पिडितलाई उपलव्ध गराइने राहत प्राप्त गर्न अनिवार्य रुपमा प्रहरी मुचुल्का समावेश गर्नुपर्नेछ ।

ज) विपद तथा प्रकोपका कारण जमिनमा पहिरो गई क्षयीकरण भएमा जाली खरिद गरी उपलव्ध गराउने तर जाली भर्ने ढुङ्गा एंव सामग्री स्थानीय स्तरबाटै व्यवस्थापन गर्नुपर्नेछ  तर जाली अन्य निकायबाट उपलव्ध भएको खण्डमा जाली भर्ने खर्च समेत व्यहोरिनेछ ।

**१२. लेखा तथा लेखापरिक्षण :**

क) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

ख) कोषको वार्षिक आय व्ययको प्रतिवेदन कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गरिनेछ ।

**१३. बाधा अड्काउ फुकाउ :**

क) कोष परिचालनका विषयमा कुनै कुरा थपघट तथा स्पष्ट गर्न परेमा सोको सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

ख) यस कार्यविधिमा उल्लेख नभएको विषयमा तत्काल निर्णय गर्नुपरेमा विपद व्यवस्थापन समितिले आवश्यक निर्णय गरी सोको अनुमोदनका लागि गाउँकार्यपालिकामा पेश गर्नेछ ।

ग) विपद व्यवस्थापन सम्वन्धमा गाउँपालिका क्षेत्रभित्र रहेका संघ संस्था सरोकारवाला निकाय र वडाहरुले तोके वमोजिम गरेनगरेको अनुगमन गरिनेछ ।

घ) यस कार्यविधिमा अन्यत्र जस्तोसुकै व्यवस्था भए तापनि आ.व. २०७५।७६ को लागी यो कार्यविधि स्वीकृत हुनुभन्दा अगावै २०७५ श्रावण र २०७५ भाद्र महिनामा आइपरेका विपदमा यसै कार्यविधि बमोजिम आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

थासाङ गाउँपालिका

**आज्ञाले,**
**बिनोद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**